## १८. सार्बजनिक परिपत्र

**१. सार्बजनिक परिपत्र भन्नाले कस्तो प्रकारको परिपत्रलाई जनाउँछ ?**

*अन्त:शुल्क ऐनको कार्यान्वियनमा एकरुपता ल्याइ यसको प्रशासनलाइ सरल, सर्बशुलभ तथा सेवाग्राहीलाइ छिटो छरितो सेवा प्रदान गर्न र सम्बन्धित अधिकृत एबं कर्मचारीहरू लगायत सम्बन्धित करदाताहरूलाइ मार्ग निर्देशन दिन विभागले ऐनमा भएका व्यवस्थाहरूको व्याख्या सहितको लिखितरुपमा सार्बजनिक जारी भएको परिपत्र लाई जनाउँदछ ।.*

**२. बिमागले जारी गरेको सार्बजनिक परिपत्र कहाँ कसरी प्राप्त गर्न सकिन्छ ?**

*बिमागबाट जारी भएका सार्बजनिक परिपत्रहरू बस्तुगत संघ संस्थामा, सम्बन्धित कार्यालयहरू तथा बिभागको वेब साईटबाट प्राप्त गर्न सकिन्छ ।*

**३. बिभागले जारी गरेको सार्बजनिक परिपत्र कहिले सम्म लागू हुन्छ ?**

*बिभागबाट जारी भएको कुनै पनि सार्बजनिक परिपत्र रद्द नगरिएसम्म लागू रहन्छ ।*